**घिरिङ गाउँपालिका तनहुँ को आ. व २०७६।०७७ का लागि देहायका क्षेत्रगत नीतिहरु अवलम्बन गरिने छ।**

## १. पूर्वाधार विकास

- गाउँपालिकाको प्रशासनिक भवन तथा वडा कार्यालयको भवनहरु निर्माण यसै वर्ष शुरुगरिने छ।
- कृष्ण मोटर मार्ग कालोपत्र गर्ने कार्य यसै वर्ष सुरु गरिने छ।
- श्रृङ्गकाली मोटर मार्ग ,श्रृङ्ग मार्ग तथा शालिगराम करिडोरलाई उच्च प्राथमिकताका साथ बाह्रै महिना सडक सञ्चालन हुने गरी स्तरवृद्धिका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।
- गाउँपालिका भित्रका 'ख' वर्गका मोटरमार्गहरुमा ग्राबेल गर्ने कार्य शुरु गरिने छ ।
- वडा नं. १ र ४ का टारहरु लगायत सम्पूर्ण वडाका संभावित ठाउँहरुमा सिंचाइ गर्ने कार्यलाई अगाडी बढाइने छ।
- **"उज्यालो घिरिङ"** अन्तर्गत गाउँपालिका भित्रका बाँकी रहेका सम्पूर्ण टोलवस्तीमा यसै वर्ष भित्र विद्युतिकरण पूरा गरिनेछ।
- गाउँपालिकाको कार्यालय र अन्य सरकारी कार्यालयहरु तथा सम्पूर्ण माध्यामिक विद्यालयहरुमा इन्टरनेट सेवाको पहुँचलाई प्राथमिकतामा राखिनेछ।
- गाउँपालिका भित्र सञ्चालित होटल,व्यापार व्यवसाय,उद्योगधन्दा, इट्टा उद्योग फर्महरु दर्ता गरी करको दायरा भित्र ल्याइने छ।
- छिमेकी गाउँपालिका तथा नगरपालिकाबाट घिरिङ गाउँपालिकामा प्रवेश गर्ने सिमानामा प्रवेश द्वार निर्माण कार्य यसै वर्ष शुरु गरिने छ।
- गाउँपालिका भित्र प्राविधिक दृष्टिकोणले उपयुक्त ठाउँहरुमा खेलमैदान निर्माण कार्य शुरु गरिने छ।
- **"खरको छाना मुक्त घिरिङ"** कार्यक्रम अन्तर्गत खरको छाना हटाई जस्तापाताको छाना छाउने कार्यक्रम लाई निरन्तरता दिइने छ।
- गाउँपालिका भित्रका महत्वपूर्ण चोक वस्तीहरुमा सोलार बत्तीको व्यवस्थाको कार्य शुरुवात गरिने छ।
- समग्र विकासका लागि कृषि, पर्यटन,सडक,खानेपानी,सिंचाई,स्वास्थ्य, शिक्षा पशु सेवा लगायतको विषयगत क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।
- भुकम्पबाट क्षतिग्रस्त भएका निजी आवास र विद्यालयको भौतिक संरचनाको पुन : निर्माणमा सहजिकरण गरिने छ।
- स्थानिय स्तरको सिंचाई आयोजनाको पहिचान गरि निर्माणमा जोड दिइने छ।
- नगदेवाली उत्पादनमा टेवा पुग्ने सिंचाई आयोजना लाई विशेष प्रथामिकता दिइनेछ।
- व्यवसायिक कृषिलाई प्रोत्साहान गर्नका लागि सौयै उर्जा एंव आधुनिक प्रविधिमा आधारित सिंचाई प्रणालीको विकासमा जोड दिइने छ।
- उत्तर दक्षिण जोडिने मोटरबाटो हरु चक्रदेवी मोटरमार्ग र मदन भैरव मोटरमार्ग स्तरउन्नती गर्न प्राथमिकता दिइने छ।

## २.आर्थिक विकास

- जैविक र साँस्कृतिक विविधता एंव प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस क्षेत्रमा रहेका पर्यटकिय गन्तव्यको पहिचान ,विकास र सम्वर्द्धन गर्दै पर्यटन उद्योगको प्रवर्द्धन गरिनेछ। पदयात्रा अवलोकन कृषि पर्यटन

